# FACT SHEET



# एमपक्स: एसटीआई (STI) तथ्यहरू

## एमपक्स (मन्कीपोक्स) के हो?

### एमपक्स (पहिले मन्कीपोक्स भनिन्थ्यो) मन्कीपोक्स भाइरसबाट हुने संक्रमण हो। NSW मा एमपक्स को उच्च जोखिममा रहेका व्यक्तिहरू पुरुषहरूसँग यौनसम्पर्क गर्ने पुरुषहरू हुन्, विशेष गरी विदेशमा वा विदेशबाट फर्केका मानिसहरूसँग यौनसम्पर्क गर्नेहरू छन् ।

एमपक्सको लक्षण सामान्यतया संक्रमणको सम्पर्कमा आएको ७ - १४ दिन पछि सुरु हुन्छ तर केहि दिन देखि केहि हप्ता भित्र पनि देखा पर्न सक्छ। एमपक्सको सामान्य लक्षणहरू यसप्रकार छन्:

- जननांग क्षेत्रमा वा शरीरको अन्य भागहरूमा दागहरू (घाउ वा घाउ जस्तै पिम्पल)
- मलद्वार (तल) मा असुविधा र दुखाइ
- मलद्वार (तल) बाट डिस्चार्ज।

केही व्यक्तिहरूमा यी लक्षणहरू पनि हुन सक्छन्: ज्वरो, थकावट, टाउको दुखाई, मांसपेशी र धड़ को दुखाइ, चिसो, सुन्निएको लिम्फ नोड्स, र अल्सर, मुखमा घाउ वा घाउहरू।

एमपक्स भएका मानिसहरूमा लक्षणहरू देखिन थालेको समयदेखि सबै घाउहरू र  अल्सरहरू पपडी लागेर नयाँ ताजा छाला नबनेको सम्म संक्रामक हुन्छन् (एमपक्स अरूलाई सर्न सक्छ)।एमपक्स भएका धेरैजसो व्यक्तिहरू कुनै विशेष उपचारको आवश्यकता बिना केही हप्तामा निको हुन्छन्।

## तपाईंलाई एमपक्स कसरी लाग्छ?

एमपक्स निम्न माध्यमबाट फैलिन सक्छ:

- एमपक्स भएका व्यक्तिहरूसँग छालाको सम्पर्कमा आउँदा, जसको छालामा एमपक्सको दागहरू छ, फोका वा घाउ हुन्छन्
- असुरक्षित यौन सम्पर्क (वीर्य र अन्य शारीरिक तरल पदार्थ)
- दूषित (संक्रमित) वस्तुहरूको सम्पर्क, जस्तै ओछ्यानको कपडा वा लुगा
- एमपक्स भएका व्यक्तिले सास फेरेको हावाका थोपाहरू सास फेर्दा (यो धेरै दुर्लभ छ)।

## मैले एमपक्स बाट आफूलाई कसरी जोगाउन सक्छु?

एमपक्स विरुद्ध सुरक्षा गर्नका लागि JYNNEOS (जेनियोस् ) नामक खोप उपलब्ध छ। यो सबैका लागि नि:शुल्क छ (अन्तर्राष्ट्रिय विद्यार्थी र मेडिकेयर नभएका व्यक्तिहरू समेत) र NSW मा योग्य समूहका व्यक्तिहरूका लागि सिफारिस गरिएको छ। तपाईं नि:शुल्क खोपको लागि योग्य हुनुहुन्छ वा छैन भनी पत्ता लगाउन, Sexual Health Infolink लाई 1800 451 624 मा फोनगर्नुहोस् (निःशुल्क कल)।

तपाईं एमपक्स बाट आफूलाई यसरी पनि बचाउन सक्नुहुन्छ:

- एमपक्स भएका वा एमपक्स का लक्षण भएका व्यक्तिहरूसँग नजिकको सम्पर्कबाट बच्ने
- संक्रमित वस्तुहरू जस्तै ओछ्यानको कपडा वा तौलियाको सम्पर्क नगर्ने
- राम्रो हात सफाइ अभ्यास गर्ने।

## एमपक्स को परीक्षण कसरी गर्ने?

एमपक्स को परीक्षणको लागि तपाईंको बिबिरा वा फोकाको नमूना (स्वाब ) लिईन्छ। यो नमूना परीक्षणको लागि प्रयोगशालामा पठाइन्छ। तपाईको डाक्टर वा नर्सले तपाईको नतिजा नबताएसम्म तपाईलाई घरमै बस्न र अलग्गै बस्न भनिएको हुन सक्छ।

NSW यौन स्वास्थ्य क्लिनिकहरूमा परीक्षण नि:शुल्क र गोप्य छ। तपाईंको स्थानीय डाक्टर र यौन स्वास्थ्य क्लिनिकमा तपाईं एमपक्स को परीक्षण गर्न सक्नुहुन्छ। याद राख्नुहोस्, एमपक्स को परीक्षण केवल सक्रिय लक्षणहरू जस्तै फोका/दाद भएको खण्डमा मात्र गर्न सकिन्छ। थप जानकारीको लागि र तपाईंको नजिकको सेवा पाउन, तपाईले Sexual Health Infolink लाई 1800 451 624 मा फोन गर्न सक्नुहुन्छ (नि:शुल्क कल) ।

यदि तपाइँको परीक्षण एमपोक्सका लागि सकारात्मक छ भने, तपाइँका पार्टनरहरूलाई पनि परीक्षण र उपचार गर्न भन्न महत्त्वपूर्ण छ। तपाइँका पार्टनरहरूलाई सम्पर्क गर्न मद्दत चाहिन्छ भने, तपाइँका डाक्टरसँग सोध्नुहोस् वा 1800 451 624 (नि:शुल्क कल) मा Sexual Health Infolink मा फोन गर्नुहोस्।

# FACT SHEET

## एमपक्स: एसटीआई (STI) तथ्यहरू

### एमपोक्स कसरी उपचार गर्ने?

अधिकांश व्यक्तिहरूले एमपोक्सलाई घरमै हाइड्रेट भएर र फार्मेसीबाट काउन्टर बाटै औषधि लिएर व्यवस्थापन गर्न सक्छन्। डाक्टर वा नर्सले तपाईँलाई जानकारी र समर्थन प्रदान गर्न सक्छन्। एमपोक्सबाट असाध्यै बिरामी हुने व्यक्तिहरूलाई अस्पताल जान आवश्यक पर्न सक्छ।

### एमपक्स र अन्य यौन संक्रामक रोगहरूको (STIs) बारे थप जानकारी कहाँ पाउन सक्छु?

एमपक्स र अन्य यौन संक्रामक रोगहरूको (STIs) बारे थप जानकारी कहाँ पाउन सक्छु?

एमपक्स, अन्य यौन संक्रामक रोगहरूको (STIs) र तपाईंको यौन स्वास्थ्य बारे जानकारी र समर्थनको लागि, तपाईंले यौन स्वास्थ्य नर्ससँग कुरा गर्न 1800 451 624 (नि:शुल्क कल) मा Sexual Health Infolink लाई कल गर्न सक्नुहुन्छ। यो नि:शुल्क, गोप्य र गैर-निर्णय छ। तपाईं International Student Health Hub पनि भ्रमण गर्न सक्नुहुन्छ।

यदि तपाईंलाई स्वास्थ्य सेवाहरू वा जानकारी पहुँच गर्न मद्दत गर्नका लागि दोभाषेको आवश्यकता छ भने, कृपया 131 450 मा Translating and Interpreting Service लाई सम्पर्क गर्नुहोस्।

Scan the QR code to find out more about mpox and STIs




